बेलकोटगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शाखा
बाघखोर, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

प.सं.
च.नं.

मितिः २०८२/०१/०९

# विज्ञप्ति

## शिक्षकहरुको जायज माग तत्काल पुरा गर सरकार !

विद्यालय बन्द गरेर तिन सातादेखि काठमाडौँ केन्द्रित आन्दोलन गरिरहेका शिक्षकहरुको माग पुरा गर्न सरकारको उदासिनता प्रति गम्भीर असन्तुष्ट व्यक्त गर्दछु । शिक्षक तथा विद्यालय कर्मचारी मैत्री ऐन संसदबाट वा अध्यादेशबाट जारी नभएसम्म विद्यालय नफर्किने अडानसहित गत चैत्र २० गतेदेखि काठमाडौंमा शिक्षकहरुको आन्दोलनले नयाँ शैक्षिक सत्रलाई नै प्रभाव पार्ने निश्चित प्राय भइसकेको छ । यसबाट हाम्रा नानिबाबुहरुको पढाईमा पर्ने असर प्रति सरकारको गम्भीर ध्यानाकर्षण गराउंदछु । हामीजस्ता अल्पविकसित देशले विश्वले रुचाएको उत्कृष्ट शिक्षा प्रणालीमा भएका सबै माग एकै पटक पुरा गर्न सबै हिसाबले अत्यन्तै चुनौतिपूर्ण हुन सक्छ । यद्यपी तत्काल गर्न सकिने महत्वपूर्ण सुधारहरु प्रति सरकार गम्भीर हुन हार्दिक अनुरोध गर्दछु । तसर्थ आन्दोलनकारी शिक्षकहरुले पनि संयमता अपनाउनु र सरकार पनि जायज मागप्रति गम्भीर हुन आवश्यक छ साथै विद्यार्थीको पठनपाठनमा बाधा नपर्ने गरि समस्या समाधान खोजिनुपर्छ भन्ने कुरामा प्रतिबद्ध रहेको छु। सुरु भैसकेको शैक्षिक सत्रलाई निकै नै अफ्ट्यारो पर्ने स्थिति भैसकेको कारण शिक्षक साथीहरुलाई नियमित विद्यालय प्रशासन संचालन गर्न, भर्ना अभियान, कक्षा ८ लगायत सम्पूर्ण परीक्षाफल प्रकाशन, कक्षा १२ को परीक्षा संचालनमा सहजीकरण गर्न गराउन हुन अनुरोध साथै निर्देशन गर्दछु ।

अन्त्यमा, शिक्षा क्षेत्रको दिर्घकालिन सुधारका लागि सरकार, सम्पूर्ण राजनीतिक दलका साथै सरोकारवालाहरुको सकारात्मक भूमिका अपरिहार्य रहेको कुरामा कुनै दुईमत नै रहेन ।

शिव प्रसाद दाहाल
नगर उप प्रमुख